नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
**परिवार कल्याण महाशाखा**

# बैशाख महिनालाई खोप महिनाको रूपमा मनाउने सम्बन्धी संक्षिप्त मार्गदर्शन, २०८१

## परिचय

विश्व स्वास्थ्य संगठनले बैशाख दोस्रो हप्ता (अप्रिल महिनाको अन्तिम हप्ता)लाई हरेक वर्ष खोप हप्ताको रुपमा मनाउँदै आएको छ भने **नेपालमा बैशाख महिनालाई खोप महिनाको रुपमा मनाउने गरिन्छ** । बालबालिकाको लागि राष्ट्रिय खोप तालिकामा समावेश भएका नौवटा खोपहरूको सबैमात्रा १५ महिनाको उमेरसम्म लगाएमा खोपबाट बचाउन सकिने विभिन्न रोगहरूबाट बालबालिकालाई सुरक्षित गराउन सकिन्छ। तीमध्ये यदि कुनै खोप लगाउन छुट भएमा जतिसक्दो चाडो **"नियमित खोप छुट भएका ५ वर्ष सम्मका बालबालिकालाई खोप दिने तालिका"** अनुसार खोप लगाउनु पर्दछ ।

*राष्ट्रिय खोप तालिका अनुसार बालबालिकालाई दिनुपर्ने सबै खोपहरूको सबैमात्रा* ***२३ महिनाको उमेरसम्म लगाएर पूर्णखोप सुनिश्चित गरिन्छ।*** *हाल ७७वटै जिल्लाहरू पूर्णखोप घोषणा भईसकेकोमा यसको सुनिश्चतता हरेक वर्ष नै गर्न जरूरी हुन्छ ।*

बालवालिकालाई राष्ट्रिय खोप तालिकामा समावेश भएका खोपहरूमध्ये कुनै खोप लगाउन छुट भएको छ कि छैन भनी खोप लगाएको अवस्था पहिचान गरेर ती बालबालिकालाई छुट खोप लगाउने उद्देश्यले खोप महिनाको लागि राष्ट्रिय खोप कार्यक्रमले **"खोज र खोप"** अवधारणा लागू गरेको हो ।यस अवसरमा खोपको महत्ववारे जनचेतना अभिवृद्धि गर्नुको साथै खोपबाट बचाउन सकिने कुनै रोग लागेको शंका लागेमा नजिकैको स्वास्थ्य संस्थामा तुरून्तै सम्पर्क गर्ने कुरा पनि बताउनु पर्छ ।

## कार्यनीति

**१. पाँच वर्ष उमेरसम्मका बालबालिकाको नियमित खोपको अवस्था पहिचान गर्ने ।**

- हरेक वर्ष, बैशाख महिनामा स्थानीय तहको समन्वयमा सबै स्वास्थ्य संस्थाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई गाउँ-टोलमा परिचालन गर्ने।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले हरेक घरमा गएर पाँच वर्षसम्मका बालबालिकाको अभिभावकसँग सोध-पुछ गरेर, ती बालबालिकाको खोप कार्ड हेरेर नियमित खोपको रूपमा नौवटा

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

निर्देशक

खोपहरूको सबैमात्रा लगाएका छन् कि छैनन भनी निश्चित गरेर कुनै खोप लगाउन छुट भएका बालबालिकाको विवरण तयार गर्ने र सो विवरण स्वास्थ्य संस्थामा बुझाउने।

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाले गर्ने उपरोक्त कार्यहरू गर्न सहजीकरण गर्ने र सवै गाउँ-टोलमा गएर घर-भेट गरेको कुरा सुनिश्चित गर्न स्वास्थ्य संस्था र स्थानीय तहवाट सुपरीवेक्षण गर्ने।

**देशव्यापी रूपमा भिटामिन ए र जुकाको औषधी वितरण गर्ने कार्यको अवसरमा**

- महिला सामुदायिक स्वास्थ्य स्वंसेविकाले पाँच वर्षको उमेरसम्मका बालवालिकाको नियमित खोपको अवस्था पहिचान गरेर कुनै खोप लगाउन छुट भएका बालबालिकाको नामावली संकलन गरेर सो विवरण स्वास्थ्य संस्थामा बुझाउने ।
- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई उक्त कार्य गर्न सहजीकरण गर्ने र सबै गाउँ-टोलका पाँच वर्ष उमेरसम्मका बालबालिकाको खोपको अवस्था पहिचान गरेको कुरा सुनिश्चित गर्न स्वास्थ्य संस्था र स्थानीय तहबाट सुपरीवेक्षण गर्ने।

**२. खोप लगाउन छुट भएका बालबालिकाको अभिभावकलाई सम्पर्क गर्ने।**

- खोपदिने स्वास्थ्यकर्मीले नियमित खोप लगाउन छुटेका बालबालिकाका अभिभावकलाई सम्पर्क गरेर **निजलाई पायक पर्ने खोप केन्द्रको नाम, स्थान र सञ्चालन हुने मिति र समयबारे जानकारी गराएर छुट खोप लगाउन अभिप्रेरित गर्ने ।**

**३. खोप लगाउन छुट भएका बालबालिकालाई छुट खोप लगाउने ।**

- नियमित खोप लगाउन छुट भएका बालबालिकालाई नियमित खोप केन्द्रबाट छुट खोप लगाउने ।
- कुनै गाउँ-टोलमा नियमित खोप लगाउन छुट भएका बालबालिका धेरै भएमा ती गाउँ-टोलमा अतिरिक्त खोप केन्द्र सञ्चालन गरेर छुट खोप लगाउने ।
- कुनै वर्ग-समुदायका वालवालिकाको लागि नियमित खोप केन्द्र सञ्चालन हुने समय अनुकुल नभएको कारणले बालबालिकालाई नियमित खोप लगाउन छुट भएको पाइएमा तिनीहरूको लागि अनुकुल हुने समयमा खोप केन्द्र सञ्चालन गरेर छुट खोप लगाउने । जस्तै-
  - अभिभावकहरू दैनिक कामकाजमा जाने भएमा विहानको समयमा खोप केन्द्र सञ्चालन गर्ने ।
  - अभिभावकहरू सरकारी वा गैरसरकारी कार्यालयमा कामकाजमा जाने भएमा शनिवारको दिन खोप केन्द्र सञ्चालन गर्ने ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

निर्देशक

- **खोप महिनामा "खोज र खोप" अभियान सञ्चालन गर्दा खोप लगाउन छुट भएका गाउँ-टोललाई पायक पर्ने स्थानमा खोप महिनाको अन्तिम दिन (बैशाख ३१ गते) अतिरिक्त खोप केन्द्र सञ्चालन गरेर छुट खोप लगाउने।**

**४. स्वास्थ्य संस्थाले खोप लगाउन छुट भएका बालबालिकाको विवरण खोप रजिष्टरमा अध्यावधिक गर्ने।**

- २३ महिना उमेरसम्मका कुनै पनि खोप नलगाएका (शून्य डोजका) बालबालिका र २३ महिना उमेरसम्ममा छुट खोप लगाएका बालबालिकाको अभिलेख-
  - स्वास्थ्य संस्थाको आफ्नो सेवा क्षेत्रभित्रका बालबालिकाको अभिलेख, खोप रजिष्टरको **खोप सेवाको विवरण HMIS 2.23_1** पानामा लेख्ने।
  - स्वास्थ्य संस्थाको आफ्नो सेवा क्षेत्रभन्दा अन्यत्रका बालबालिकाको अभिलेख **खोप रजिष्टरको HMIS 2.23_2** पानामा लेख्ने।
- २३ महिनाभन्दा माथिको उमेरमा खोप सुरू गरेको हो भने, निजको अभिलेख **२४ महिनादेखि ५९ महिनासम्म खोप सुरू गरेको बच्चाको खोपको विवरण HMIS 2.23_3** पानामा लेख्ने।

**५. छुट खोप लगाएको प्रगति प्रतिवेदन गर्ने ।**

- खोप महिनामा छुट खोप लगाएको खोपको प्रगति प्रतिवेदन मासिक प्रतिवेदनमा नै समावेश गरेर प्रतिवेदन गर्ने। **साथै, छुट खोप लगाएको प्रगति विवरण-**
  - स्वास्थ्य संस्थाले स्थानीय तहमा र स्थानीय तहले वडा अनुसार प्रगति विवरण समायोजन गरेर जिल्ला स्थित स्वास्थ्य कार्यालयमा पठाउने।
  - स्वास्थ्य कार्यालयले स्थानीय तहअनुसार छुट्टिने गरी तयार गरेर प्रदेशतहको स्वास्थ्य निर्देशनालय र स्वा.से.वि. परिवार कल्याण महाशाखामा पठाउने ।
  - छुट खोप लगाउन प्रयोग भएको खोपको जम्मा परिमाण र खेरगएको दर बारे विश्लेषण गर्न जरूरी भएको परिवार कल्याण महाशाखाले उपलब्ध गराएको गुगल सिटमा पनि तथ्याङ्क प्रविष्ट गर्ने।

**६. बजेटको व्यवस्था।**

खोप महिनामा "खोज र खोप" अभियान सञ्चालन गर्नको लागि **"महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका परिचालन गर्न यातायात खर्च", "खोप सेवा सञ्चालन गर्ने दिनमा खोपदिने स्वास्थ्यकर्मीको लागि यातायात खर्च"** र **"महानगरपालिका, उप-महानगरपालिकामा हरेक महिनाको एउटा शनिवार थप खोप केन्द्र सञ्चालन खर्च"** का लागि बजेटको व्यवस्था जिल्ला स्थित स्वास्थ्य कार्यालयमा हुने तर स्वास्थ्य कार्यालयमा बजेट अपूग भएमा वा बजेटको व्यवस्था नभएमा सम्बन्धित स्थानीय तहले व्यवस्थापन गर्ने ।



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

निर्देशक

# नियमित खोप लगाउन छुट भएका बालबालिकाको नामावली संकलन गर्ने फारामको नमूना

जिल्ला :　　　　　　स्थानीय तह :　　　　　　वडा नं. :　　　स्वास्थ्य संस्था :

| क्र. सं. | बालबालिकाको नाम थर | जन्म मिति (ग.म.सा.) | अभिभावकको नाम | गाउँ/टोल | सम्पर्क फोन नं. | छुट खोपको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बि.सि.जी | रोटा | ओ.पि.भी | एफ.आई. पि.भी | पि.सि.भी | डि.प.टी-हेपबी-हिब | दादुरा-रुबेला | जे.ई. | टि.सि.भी |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

**नोटः** छुट खोपको महलमा ✓ चिन्ह लगाउनुहोस् ।

विवरण भर्नेको नाम र पद :　　　　　　दस्तखत र मिति :

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

निर्देशक

# खोप महिनामा छुट खोप लगाएको प्रगति प्रतिवेदन गर्ने फारामको नमूना

आ.व. :　　　महिना :　　　जिल्ला :　　　स्थानीय तह :　　　स्वास्थ्य संस्था :

| क्र. सं. | स्थानीय तह/वडा नं./ स्वा.सं/खोप केन्द्र | छुट खोप लगाएको संख्या | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वि.सि.जी. | रोटा | | ओ.पि.भी. | | | एफ.आई.पि.भी. | | पि.सि.भी. | | | डि.प.टी.-हेपबी-हिब | | | दादुरा-रुबेला | | जे.ई. | टि.सि.भी. |
| | | | पहिलो मात्रा | दोस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | तेस्रो मात्रा | पहिलो मात्रा | दोस्रो मात्रा | | |
| १ | | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | | | | | | | | | | |

तयार गर्नेको नाम र पद :　　　सदर गर्नेको नाम र पद :

दस्तखत र मितिः　　　दस्तखत र मितिः

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

निर्देशक